# आर्थिक वर्ष २०७५/७६ को नीति कार्यक्रम तथा बजेट कार्यक्रम

हतुवागढी गाउँपालिका
घोडेटार, भोजपुर
१ नं. प्रदेश, नेपाल

**गाउँसभाको बैठकमा गाउँपालिकाका उपाध्यक्ष श्री चन्द्रमा राई ज्यूले प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०७५/७६ को बजेट वक्तव्य:**

श्रीमान् सभाध्यक्ष महोदय,

गाउँसभाका सदस्यज्यूहरु,

**प्रमुख प्रशासकिय अधिकृत ज्यू तथा सम्पूर्ण कर्मचारीहरु**
**र पत्रकार मञ्च,**

## १.१ पृष्ठभूमी

**सर्वप्रथम हतुवागढी गाउँपालिकामा निर्वाचित भएपश्चात हामी जनप्रतिनिधिहरुद्धारा प्रथम पटक बनाइएको वार्षिक, नीति तथा कार्यक्रम तथा सोको अधिनमा रही निर्माण भएको योजना तथा कार्यक्रमसहितको खाका वा बजेटको सफल कार्यान्वयन गर्न हामी सक्षम रही हतुवागढी गाउँपालिकामा जनतालाई केही परिवर्तनको प्रत्यक्ष अनुभूति दिलाउन सफल भएकोमा गाउँसभाका सम्पूर्ण पदाधिकारीहरु, कर्मचारी, उपभोक्ता समिति, ठेकेदारहरु, जनता तथा सरोकारवाला सबैप्रति हार्दिक बधाई दिन चाहन्छु र सबै जनप्रतिनिधिहरुको आगामी कार्यकाल समेत सफल रहोस भन्ने सुभकामना समेत व्यक्त गर्न चाहन्छु ।**

नेपालको इतिहासका विभिन्न कालखण्डमा मुखरित भएका जनताका आवाज वा चाहना अनुरुप संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थायुक्त वर्तमान स्वाधीन नेपालको स्थानीय सरकारको रुपमा रहेको यस **हतुवागढी** गाउँपालिकाको गरिमामय **प्रथम** गाउँसभामा नीति तथा कार्यक्रम र समग्र आयव्ययको विवरण (बजेट) प्रस्तुत गर्ने सुअवसर पाएकोमा व्यक्तिगत रुपमा समेत गौरवान्वित महसुस गरेकी छु ।

साथै वर्तमान संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य नेपाल निर्माणमा आफ्नो प्राण उत्सर्ग गर्नुभएका समस्त ज्ञात अज्ञात सहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

**"आर्थिक सम्वृद्धिको आधार, कृषि उद्योग र पर्यटन पूर्वाधार", भन्ने मूल नाराका साथ मिति २०७५ असार २२ को गाउँसभाको तश्रो वैठकको उद्घाटन समारोहमा यस गाउँपालिकाका अध्यक्ष श्री प्रेम कुमार राईज्यू बाट हतुवागढी गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत भएको थियो ।**

करिब २० वर्ष लामो समय सम्म जनप्रतिनिधि विहीन अवस्थामा समेत जनता प्रतिको सेवाभाव प्रस्तुत गरी जनताको विकासको चाहनाको सारथीको रुपमा भूमिका निर्वाह गर्नु भएका सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु र नीति कार्यक्रम तथा बजेट कार्यक्रम बनाउन काममा सहयोग गर्न अहोरात्र खट्नुभएका कर्मचारीहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

सभाध्यक्ष महोदय,

**भोजपुर** जिल्लाको दक्षिण भुभागमा अवस्थित **१४२।६०** वर्ग किलोमिटर क्षेत्रफल भएको **हतुवागढी** गाउँपालिकाको भाग्य र भविष्यको फैसला गर्ने चरणका साक्षी हामी जनप्रतिनिधि सामु थुप्रै अवसर र साथसाथै चुनौतिहरु पनि विद्यमान छन् । स्थानीय सरकारको रुपमा रहेको स्थानीय तहको पुर्ण कार्यान्वयनका लागि सारा राज्य लागिरहेको वर्तमान अवस्थामा यो एक नितान्त नयाँ प्रणाली र प्रकृया भएकाले केही अन्यौलता र द्विविधाका बाबजुत नेपालको संविधान, ऐन कानून, मन्त्रालयहरुबाट प्राप्त दिग्दर्शन आदिका आधारमा विभिन्न विषयगत सिलिङको आधारमा सहभागितामूलक तवरले आयोजना र कार्यक्रम छनौट गरी नीति कार्यक्रम र बजेट तर्जुमा गरेका छौं ।

**माननीय सभाध्यक्षज्यू,**

**१. सदियौंदेखि नेपाल एक स्वाधीन र सार्वभौमसत्तासम्पन्न मुलुकको रुपमा रही आएको छ । लामो समयसम्मको आम नेपाली जनताको प्रतीक्षा, दश बर्षे सशस्त्र संघर्ष, २०६२।६३ को जनआन्दोलन, मधेश आन्दोलन, दुईपटकसम्म भएको संविधानसभाको निर्वाचन भई जनताका प्रतिनिधिले नै संविधानको निर्माण गरी जारी भइ सकेर हाल कार्यान्वयनमा रहेको छ । अहिले हामी संविधानको सर्वस्वीकार्यता बढाउँदै कार्यान्वयनको चरणमा छौं । यो काम जटिल र चुनौतिपूर्ण रहेतापनि यसलाई नयाँ नेपाल निर्माणको ऐतिहासिक अवसरको रुपमा लिएर अगाडि बढ्नुको विकल्प छैन ।**

**२. आज म यस हतुवागढी गाउँ सभाको उपाध्यक्ष यस गरिमामय सभामा आर्थिक वर्ष २०७४/०७५ को वार्षिक वजेट पेश गर्न उभिएकी छु । यस गौरवपूर्ण अवसरमा जनआन्दोलन, जनयुद्ध, मधेश आन्दोलन लगायतका संघर्षहरुमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरुप्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु । साथै, घाइते र वेपत्ता नागरिकहरुप्रति सम्मान प्रकट गर्दछु । राजनीतिक-सामाजिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने सबै अग्रजहरुप्रति आदरभाव प्रकट गर्दछु । स्थानीय तहको निर्वाचन सम्पन्न गराउन भूमिका खेल्नुहुने सम्बन्धित सबै पक्षहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु ।**

**३. राजनैतिक क्षेत्रमा हामीले ऐतिहासिक फड्को मारेको छौं । संविधान घोषणा भई कार्यान्वयनमा आएपछि स्थानीय तहको निर्वाचन, प्रदेश सभाको निर्वाचन तथा संघिय संसदको निर्वाचनपश्चात लामो समयको संक्रमणकालको अन्त्य भई मुलुक राजनीतिक स्थिरतातर्फ उन्मुख भएको छ । स्थानीय शासन र विकास निर्माणमा प्रत्येक नागरिक आफैं संलग्न हुने वातावरण बनेको छ । यो समयलाई आर्थिक सामाजिक रुपान्तरणको अवसरको रुपमा उपयोग गरी जनचाहना पूरा गर्ने अबको हाम्रो बाटो भनेको तीब्र आर्थिक विकास नै हो ।**

**४. वि.सं. २०७५ जेठ १५ गतेका दिन नेपालको अर्थमन्त्रीबाट आ.व. २०७५/७६ को वार्षिक बजेट प्रस्तुत भई ७५३ वटै स्थानीय तहहरुलाई वित्तीय समानीकरण अनुदान र सशर्त अनुदान गरी बजेट विनियोजन गरी वित्तीय हस्तान्तरण गर्ने कार्य भएको छ । त्यसैगरी प्रदेश सरकारका अर्थमन्त्रीज्यूबाट समेत वित्तिय समानिकरण अनुदान, राजश्व बाँडफाँबाट प्राप्त हुने राजश्व अनुदान तथा सवारी करबाट प्राप्त हुने सवारी कर अनुदान समेत विनियोजन गरी यस स्थानीय तहमा हस्तानतरण भएको छ । संविधान बमोजिम स्थानीय विकास निर्माणका काम तत् तत् स्थानीय तहले नै छनौट र कार्यान्वयन गर्ने भएकोले स्थानीय तहलाई साधन सम्पन्न बनाइएको छ ।**

५. यस गाउँपालिकाको प्रस्तावित बजेट तथा कार्यक्रम तर्जुमा गर्दा मुलतः नेपालको संविधानका उल्लिखित एकल र साझा अधिकार सूची, आर्थिक अधिकार र आर्थिक कार्यप्रणाली, मौलिक हकहरु, आर्थिक, सामाजिक विकास, प्राकृतिक स्रोतको उपयोग नीति, वातावरण संरक्षणसम्बन्धी नीतिहरु, नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरणको प्रतिवेदन, नेपाल सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु, नेपालले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु, स्थानीय शासन सञ्चालन ऐन र नियमावलीका प्रावधानहरु, विकासका समसामयिक मुद्धाहरु, अर्थ मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र अन्यबाट प्राप्त मार्गदर्शन, सहभागिता योजना तर्जुमा अनुरुप बस्ती/टोलस्तरबात छनौट गरिएका आयोजना/कार्यक्रम, वडास्तरीय आयोजना/कार्यक्रमको प्राथमिकीकरण र बजेटसँग सम्बन्धित विभिन्न समितिहरुको प्रतिवेदन समेतको आधार मानी तयार गरिएको छ ।

६. गाउँपालिकाको आर्थिक, सामाजिक तथा राजनैतिक विकास गरी स्थानीय जनतालाई विकासको अनुभूति दिलाउनु, राज्यबाट प्रवाह हुने सेवा सुविधालाई जनताको घरदैलोमा पुऱ्याई जनतालाई राज्यको अनुभूति दिलाउनु मुख्य चुनौतिको रुपमा रहेको छ । यसैगरी यस गाउँपालिकाको आन्तरिक उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्नु, औपचारिक अर्थतन्त्रको विकास गर्नु, संघीयता कार्यान्वयन गर्दै शासकीय क्षमता अभिवृद्धि गर्नु पनि चुनौतिको रुपमा रहेको छ ।

७. हाम्रा सामु विभिन्न चुनौतिहरु रहको भएता पनि विद्यमान अवसरहरुको सदुपयोग र चुनौतिहरुको सामना गर्ने गरी आगामी आर्थिक वर्षको बजेट तयार गरेको छु । यस बजेटका उदेश्य यसप्रकार प्रस्तुत गरेकी छु :

- संविधान कार्यान्वयनमा सहयोग गर्ने,
- "आर्थिक सम्वृद्धिको आधार, कृषि, उद्यम र पर्यटन पूर्वाधार" भन्ने नारालाई सार्थक बनाउन
- आर्थिक, सामाजिक तथा राजनैतिक विकास गर्ने,
- विकासका पूर्वाधारहरुको विकास गर्ने,
- वातावरण संरक्षण गर्ने,
- राज्य तथा गाउँपालिकाद्धारा प्रदान गरिने सेवामा आम नागरिकको पहुँच अभिवृद्धि गर्ने ।

८. यी उदेश्यहरु हासिल गर्नका लागि आगामी आर्थिक वर्षको बजेटका प्राथमिकताहरु देहायबमोजिम निर्धारण गरेकी छु :

- कृषिको आधुनिकीकरण र व्यवसायिकरण,
- सहभागितामूलक योजना तर्जुमा,
- उद्यम, सहकारी, वित्तीय क्षेत्रलाई प्रवर्द्धन गर्न,
- शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइमा लगानी,
- सडक तथा पूर्वाधार निर्माण,
- पर्यटन पूर्वाधारको विकास र प्रवर्द्धन,
- वन तथा जलाधार संरक्षण,
- सार्वजनिक प्रशासन र सेवा प्रवाहमा सुधार ।

**आदरणीय महानुभावहरु,**

अव, म आगामी आ.व. २०७५/७६ का लागि **योजना तर्जुमा गर्दा लिईएका मुख्य आधारहरु** प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**गाउँपालिकाको सम्पूर्ण विकास योजनाहरु गाउँपालिकाबासी सबैको सहभागितात्मक योजना तर्जुमा प्रक्रियाका चरणहरु अवलम्बन गर्दै नेपालको संविधान, राष्ट्रिय प्राथमिकता, संयुक्त राष्ट्र संघद्धारा जारी दिगो विकासका लक्ष्यहरु, SDGs को अवधारणा, संघीय र प्रदेश सरकारले जारी गरेको नीति, कानुन तथा मापदण्ड र स्थानीय सरकार सन्चालन ऐन, २०७४ लाई मार्गदर्शनको रुपमा लिईएको छ । स्थानीय स्रोत र साधनको अधिक्तम उपयोग गर्दै स्थानीय पूर्वाधार सम्बन्धी आयोजनाहरु, रोजगारी र गरिबी न्यूनिकरण, विद्युतिकरण, वातावरण संरक्षण र विपद व्यवस्थापन, सुशासन, समावेशीकरणलाई सहयोग पुग्ने योजना कार्यक्रमलाई प्राथमिकता दिएको छु । कम लागत छिटो प्रतिफल दिने जनसहभागीता जुट्ने र PPP मोडेललाई प्रोत्साहीत गर्ने गरी दातृनिकाय सरोकार सबैको सहकार्य र समन्वयमा गाउँपालिकाको विकास योजना तर्जूमा गरिएको छ ।**

**हतुवागढी गाउँपालिकाले आ.व. ०७४/७५ को बजेट तर्जुमा गर्दा लिइएका मुख्य मुख्य आधारहरुः-**

- नेपालको संविधानको अनुसूचि ८ र ९ मा उल्लिखित स्थानीय तहको एकल तथा साझा अधिकारको सुचि
- नेपालको संविधानमा उल्लिखित मौलिक हकहरु
- नेपाको संविधान भाग ४ अन्तर्गतका राज्यका आर्थिक, सामाजिक विकास, प्राकृतिक स्रोतको उपयोग , वातावरण संरक्षण सम्बन्धी नीतिहरु, धारा ५९ को आर्थिक अधिकार, भाग १९ को आर्थिक कार्यप्रणाली
- नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरणको प्रतिवेदन
- संघीय सरकारले अंगिकार गरेको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु
- संघीय सरकारले अबलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु
- स्थानीय तहको आवधिक योजनाले तय गरेका प्राथमिकताहरु
- नेपालले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु ।
- स्थानीय शासन संचालन ऐन र नियमावलीका प्रावधानहरु ।
- विकासका समयामयिक मुद्दाहरु जस्तै सामाजिक संरक्षण, दिगो विकास, जलवायु परिवर्तन र विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैङ्गिक सशक्तीकरण तथा समावेशी विकास वालमैत्री स्थानीय शासन, वातावरण मैत्री स्थानीय शासन, खुला दिशामुक्त तथा पुर्ण सरसफाइ, उर्जा संकट लगायतका अन्तरसम्बन्धित विषयहरु ।
  - **हतुवागढी** गाउँपालिकामा आवश्यक देखिएका अन्य विषयहरु ।

<u>योजना/ आयोजना छनौट गर्दा प्राथमिकताका आधारहरु</u>

**अब म आगामी आर्थिक वर्ष २०७५।७६ को प्राथमिकता र क्षेत्रगत नीतिहरु प्रस्तुत गर्दछु ।**

प्राथमिकता :

१. दिगो विकासका १७ वटा लक्ष्यहरु (SDG) का कार्यक्रमहरु,
२. पूर्वाधार विकासका कार्यक्रमहरु (सडक, पुल, खानेपानी, सिँचाई, भवन, शहरी विकास)
३. शिक्षा, स्वास्थ्यको गुणस्तर व्यवस्थापन,
४. आधुनिक कृषि व्यवसायिकरण, यान्त्रीकरण र पशू विकास एंव बजार व्यवस्थापन,
५. पर्यटन पूर्वाधार विकास र प्राकृतिक पुरातात्विक सांस्कृतिक सम्पदा संरक्षण र प्रवर्द्धन,
६. सामाजिक विकासका कार्यक्रमहरु (समावेशी विकास, जातीय/लैगिंक विभेद, जेष्ठ नागरिक, एकल महिला अपाङ्गता, अशक्त लक्षित बालमैंत्री),
७. युवाको क्षमता विकास, खेलकुद विकास र रोजगारी,
८. प्राकृतिक स्रोत तथा भूं-संरक्षण, वातावरण र जलवायु परिवर्तन,
९. सार्वजनिक सेवा प्रवाहमा प्रभावकारीता पारदर्शिता, सुशासन र डिजिटलाइज प्रविधिको प्रयोग,
१०. भू-उपयोग नीति निर्माण र बस्ती विकास,
११. संस्थागत तथा क्षमता विकास,
१२. जनसहभागिता जुट्ने र आर्थिक प्रतिफल प्राप्त हुने योजनालाई नीतिगत रुपमा प्राथमिकता,
१३. “विकास योजनाहरु लहडमा होइन, आवश्यकता र प्रतिफलमा आधारीत भएर हामी र भावि पुस्ताका लागि” भन्ने अवधारणाबाट अगाडी बढाइनेछ ।

त्यसैगरी बजेट तर्जुमा गर्दा बजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित) ले तय गरेका आधारहरुलाई नै योजना तर्जूमाका आधारका रुपमा लिइएको छ ।

- आर्थिक विकास र गरीवि निवारणमा योगदान पुऱ्याउने
- उत्पादन मुलक र छिटो प्रतिफल दिने (ठूला आयोजनाहरुको हकमा बढीमा तीन बर्षभित्र सम्पन्न हुने आयोजनाहरु)
- राजश्व परिचालनमा योगदान पुऱ्याउने ।
- सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुऱ्याउने ।
- स्थानीय स्रोत साधनमा आधारीत भई जनसहभागिता अभिवृद्धि गर्ने ।
- लैंगिक समानता सामाजिक समावेशीकरणको अभिवृद्धी गर्ने ।
- दिगो विकास, वातावरण संरक्षण र विपद व्यवस्थापनमा योगदान पुऱ्याउने ।
- समुदायलाई विपद तथा जलवायु परिवर्तन उत्थानशिल बनाउने ।
- स्थान विशेषको संस्कृती र पहिचान प्रर्वद्धन गर्ने र स्थानीय तहले आवश्यक देखेका अन्य विषयहरु

श्रीमान सभाध्यक्ष महोदय,
अब म आगामी आर्थिक वर्षका लागि लिईएका नीति तथा कार्यक्रमको सम्बन्धमा सभालाई जानकारी गराउने अनुमति चाहन्छु ।
आगामी आर्थिक वर्षका लागि यस गाउँपालिकाले देहायबमोजिम नीति अवलम्बन गर्ने छ ।

१. सडक सम्बन्धी नीति अन्तरगत यस गाउँपालिकाले मुख्य सडक मर्मत तथा स्तरोन्नती गर्ने, वडा केन्द्रहरुलाई जोड्ने सडकहरुलाई बाह्रै महिना चल्ने गरी स्तरोन्नती गर्ने, वडाका महत्वपूर्ण स्थल कृषि उत्पादन र निर्माण कच्चा पदार्थ रहेका स्थानहरुमा सडक सञ्जाल पुऱ्याउने, निर्माण भएका सबै सडकहरुको लगत संकलन, वर्गीकरण, दस्तावजीकरण र सडक क्षेत्राधिकार र जग्गाधनी लगत कट्टा गर्ने, सर्भे भएका साना सडकहरुमा स्थानीयहरुको माग बमोजिम निश्चित सहभागिता अनिवार्य गर्ने नीति लिएको छ ।

२. खानेपानी र सरसफाई स्वच्छ र सफा खानेपानीको लागि "एक घर एक धारा" मिटर प्रणालीको अवधारण लागू गर्ने, घोडेटार बजारमा सार्वजनिक र व्यक्तिगत खानेपानीलाई उपयुक्त विधि प्रक्रिया अपनाउन सरोकारवाला सबै राखि निकासको योजना बनाउने, हतुवागढी १, २, ५ र ६ को लागि कावाखोला र पिखुवाखोलाबाट वृहद लिफ्ट सिस्टमबाट खानेपानी उपलब्ध गराउने योजनाको प्रारम्भ गराउने, खानेपानीको समस्या भएका बस्ती, गाउँहरुमा आवश्यकतानुसार लिफ्ट सिस्टमबाट काम गराउने, खानेपानीको मुहान/स्रोत संरक्षण, व्यवस्थापन गर्ने, RM-WASH-CC गठन गरी सरसफाई कार्यक्रम गर्ने र फोहरमैला व्यवस्थापनका लागि Landfield साइटको व्यवस्था गर्ने नीति लिएको छ ।

३. विद्युत उर्जा र संचार अन्तरगत सबै वडाहरुमा केन्द्रीय विद्युत प्रशारण, लघु जलविद्युत र वैकल्पिक ऊर्जाबाट विद्युतीकरण गरी उद्यम व्यवसायमा प्राथमिकता दिने, सबै वडामा विद्युत विस्तारलाई निरन्तरता दिने, सुधारीएको चुलो र नविकरणीय उर्जाको प्रयोगको कार्यक्रम गर्ने, सौर्य सडक तथा बजार बत्तिको व्यवस्था गर्ने, "सबैको घर उज्यालो कार्यक्रम" नीति अवलम्बन गर्ने, टेलिफोन टावर, नेटवर्क समस्या समाधान र इन्टरनेट व्यवस्था क्रमशः गर्दै स्थानीय पत्रिका र सूचना मैत्री नीति बनाउने, जमिनको वर्गीकरण र उपयोगिताको आधारमा सिँचाईमा सम्भावित प्रविधि खोजी गर्ने नीति लिएको छ ।

४. शिक्षा सम्बन्धी नीति अन्तरगत_राष्ट्रिय शिक्षा नीति, प्रदेश नीतिसँग तादाम्यता राख्दै गाउँपालिकाको शिक्षा योजना कार्यक्रम तयार गर्ने, प्राविधिक शिक्षालाई विशेष जोड दिदैं स्नातक तहको पढाईलाई समन्वय सहकार्यको पहल गर्ने, गाउँ शिक्षा योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउने, गाउँपालिकामा एक सामुदायिक आवासिय विद्यालय र सबै वडामा नमूना विद्यालय छनौट गर्ने, विद्यार्थी संस्था र भौगोलिक प्रतिकूलतालाई मध्यनजर गरी विश्लेषणको आधारमा दरबन्दी मिलान गर्ने, प्रस्तावित माध्यामिक विद्यालय/आधारभूत विद्यालयलाई पूर्वाधार र आवश्यकताको आधारमा व्यवस्थापन गर्ने, ४ वटा माध्यामिक विद्यालय/आधारभूत विद्यालयमा इ-लाईब्रेरी र थप ३ वटा विद्यालय गरी ७ वटा विद्यालयमा इ-लाईब्रेरी स्थापना गर्ने, पूर्व प्राथमिक तहमा विद्यार्थीहरुलाई "विद्यालय जाऔं, खाजा खाँऔ" कार्यक्रम सञ्चालन गरि पूर्व प्राथमिक विद्यालयमा जानका लागि साना बालबालिकाहरुलाई आकर्षण गर्ने, सबै विद्यालयमा "हाम्रो विद्यालय, राम्रो विद्यालय अक्षय कोष" स्थानीय अभिभावकको अगुवाईमा शुरु गर्ने, सबै शिक्षक कर्मचारीहरुलाई "मेरो कर्मथलो, मैले सम्झे हुन्छ भलो" कार्यक्रम बनाई प्रत्येक शिक्षकको महिनाको १ दिनको पारिश्रमिक जम्मा गरि शिक्षक कल्याण कोषको स्थापना गर्ने, गाउँपालिका भरीबाट उत्कृष्ट शिक्षक पुरस्कार व्यवस्था गर्ने, सार्वजनिक पुस्तकालय स्थापना गर्ने, शिक्षक कर्मचारीहरुको क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्ने नीति तय गरिएको छ ।

५. स्वास्थ्य सम्बन्धी नीति अन्तरगत सबै वडाहरुमा स्वास्थ्य चौकी स्थापना र व्यवस्थापन गर्दै जनतालाई स्वास्थ्य सेवा सहज र पँहुचयोग्य बनाउने, प्राथमिक स्वास्थ्य केन्द्र, "अध्यक्ष सँग जनता स्वास्थ्य परिक्षण कार्यक्रम" अपाङ्ग र ६० वर्ष माथिका नागरिकलाई निशुल्क शिविर सञ्चालन गर्ने, महिला स्वास्थ्य स्वयंसेविकालाई क्षमता अभिवृद्धि गर्दै प्रोत्साहन सुविधा र सेवा झल्कने झोला प्रदान गर्ने, महिलाहरुको पाठेघरको Pap Smear Camp र आङ खस्ने समस्याको पहिचान गरी निशुल्क स्वास्थ्य शिविर सञ्चालन गर्ने, स्वास्थ्य केन्द्र नभएको वडामा अन्य स्वास्थ्य चौकीमा भएका स्वास्थ्य क्षेत्रका जनशक्ति परिचालन गरि उक्त वडाका जनताहरुलाई स्वास्थ्य सेवा सुविधा उपलब्ध गराउने नीति अवलम्बन गरेको छ ।

६. कृषि, पशू र उद्यम सम्बन्धी नीति अन्तरगत कृषिमा व्यवसायीकरण तर्फ उत्प्रेरणा जगाँउदै "एक गाउँ एक उत्पादन" लागू गर्ने, कृषिमा आधारीत उद्यम सञ्चालनमा अनुदानको व्यवस्था गर्ने, प्राङ्गारीक मल प्रयोगमा प्रोत्साहित गर्ने, कृषिमा आधुनिकीकरणतर्फ उन्मुख हुने, दूग्ध संकलन केन्द्र स्थापना गर्ने लगायतका नीति अवलम्बन गरेको छ ।

७. युवा तथा खेलकूद विकास सम्बन्धी नीति "स्वास्थ्यको लागि खेलकूद, सृजनशीलता अनुशासनमा एकजुट ।" भन्ने नारासहित खेलकूद विकासको लागि आवश्यक क्यालेण्डर बनाउने, प्रत्येक वडाकेन्द्र

विद्यालय आसपास खेलमैदान निर्माण गर्ने, वडास्तरीय युवा सञ्जाल गठन गरी युवाहरुको संस्थागत क्षमता विकास गरिनेछ, रोजगार सम्बन्धी परामर्श सेवा प्रारम्भ गर्ने नीति अवलम्बन गरिएको छ ।

८. वन तथा वातावरण सम्बन्धी नीति अन्तरगत वातावरण संरक्षण कोषको स्थापना गर्ने, फोहोरमैला व्यवस्थापन गर्ने, गाउँ वस्तीमा सेतो छ्यानालाई कम गर्दै वातावरणमैत्री गाउँपालिका बनाउने, ढुँगा गिटी बालुवा उत्खनन् र सडक लगायत भौतिक पूर्वाधार निर्माण गर्दा भुक्षय र वन वातावरणलाई असर कम गर्ने, निजि क्षेत्रबाट पार्क निर्माणलाई प्रोत्साहित गर्न PPP (Public Private Partnership) मोडेल अपनाउने, निर्मित सडकहरु अन्तिम अवस्थामा पुग्दै गएपछि सडकमा वृक्षारोपण कार्यलाई अनिवार्य गर्ने, बजार क्षेत्रमा गाडिको लागि स्ट्याण्ड र आवश्यक जमघट हुने क्षेत्रमा सार्वजनिक शौचालय निर्माण गर्ने, प्रत्येक वडाका नागों डाँडाहरुमा पोखरी निर्माण स्थानीयबासीहरुको सहभागितामा शुरु गरिनेछ, घोडेटार बजारमा ढल निकास तथा सडक सोलिङ्ग क्रमशः गर्ने नीति लिएको छ ।

९. त्यसैगरी पर्यटन नीति अन्तरगत हतुवागढी संरक्षण, जोरआहाल पर्यटन क्षेत्र विकास गुरुयोजना सहित गाउँपालिकास्तरीय र अन्तरपालिकास्तरीय योजना निर्माण गर्ने, प्राकृतिक, ऐतिहासिक, धार्मिक स्थलहरुको सूची तयार गरी संरक्षण र सम्बद्धन गर्ने, हतुवागढी घोडेटारको भविष्यवक्ता पोखरी संरक्षण र प्रवर्द्धन गर्ने, हतुवागढी दरबारको उपयुक्त Design Esitmate गरी PPP (Public Private Partnership) मा गर्ने गरी योजना तयार गर्ने, घोडेटारदेखि गढी संखामडाँडा-दिमालुङ (पूर्णेडाँडाँ) सम्म पैदलमार्ग जोड्ने योजना बनाइनेछ र विभिन्न स्थानबाट ठाडो सिढिबाट उक्त पैदलमार्गलाई जोड्ने, दिमालुङ्ग (ढुँगालाई) स्थापीत गर्दै स्मृती पार्क निर्माण गर्ने, हतुवागढीको उच्च स्थान संखामचुलीमा डाँडामा भ्यू टावर निर्माण गर्ने लगायतका नीति अवलम्बन गरिएको छ ।

१०. त्यसैगरी सहकारी तथा वित्तिय अन्तरगत बचत तथा ऋण सहकारीहरुलाई उदेश्यगत र ऋण प्रवाहलाई उद्यमसँग जोड्ने, प्रत्येक परिवारलाई एक सहकारी सदस्य बनाउर्ने, लघु वित्तहरुलाई स्थानीय तह र जनताको यथार्थ आवश्यकतालाई मध्यनजर गरी दिर्घकालीन लगानीतर्फ ध्यान दिने, जोखिममा परेका सहकारी, वित्तिय समूहहरुको अध्ययन अनुसन्धान गरी संस्थागत र व्यक्तिगत जोखिम न्युनिकरण गर्ने नीति अवलम्बन गरिएको छ ।

११. महिला तथा बालबालिका सम्बन्धी नीति अन्तरगत महिला, दलित, जेष्ठ नागरिक, बालबालिका, अपाङ्ग, विपन्न एकल महिला, जनजाती, अल्पसंख्यक समूदायको लागि क्षमता विकास, सीप विकास आर्यआर्जन, सुरक्षाका कार्यक्रमहरु बनाउने, महिला, दलित, जनजाती, अपाङ्गहरुका लागि शिक्षा तथा लोकसेवा आयोग तयारी कक्षा सञ्चालन गर्ने, बालबालिकाको लागि Children Park निर्माण गर्ने, जेष्ठ नागरिहरुको लागि आवास गृह र अनुभव आदानप्रदान स्थल निर्माण गर्ने, जेष्ठ नागरिकहरुलाई वर्षमा एकपटक उपयुक्त स्थानमा वनभोज र सम्मान कार्यक्रम गर्ने नीति अवलम्बन गरिएको छ ।

१२. सुशासन र संस्थागत विकास सम्बन्धी नीति गाउँपालिकाको वेवसाइटलाई व्यवस्थित र प्रभावकारी बनाइ सेवा प्रभाहमा गुणस्तर सुधार गर्ने, सार्वजनिक सुनुवाई वर्षमा ३ पटक गर्ने, जानकारीमुलक स्थानीय पत्रिका घरघरमा पुऱ्याउने पारदर्शिता र जवाफदेहितको अभिवृद्धि गरिनेछ, विकास, आयोजनाहरुको अनुगमन, मुल्याकंन, सार्वजनिक परिक्षण गरेर मात्र अन्तिम फछ्र्यौट गर्ने लगायतका नीति लिएको छ ।

१३. प्राकृतिक प्रकोप र विपद व्यवस्थापन सम्बन्धी नीति अन्तरगत प्राकृति प्रकोप र विपद व्यवस्थापन कोष स्थापना गर्ने, प्राकृतिक प्रकोर विपद व्यवस्थापनको पूर्वतयारी रोकथामसम्बन्धी तालिम तथा जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

१४. राजश्व तथा कर प्रशासन सम्बन्धी नीति अन्तरगत राजश्व परामर्श समितिको प्रतिवेदनको आधारमा कर नीति अवलम्बन गर्ने, कर प्रणालीलाई वैज्ञानिक र व्यवहारीक बनाउँदै एकिकृत सम्पती कर लागू गर्ने, "कर हामीले हाम्रै सुविधा र विकासको लागि हो" भन्ने भावनाको विकास गर्ने, करदाता सचेतना शिक्षा सञ्चालन गरिनेछ ।

१५. भूमि, घर जग्गा धनीपूर्जा र वस्ती विकास सम्बन्धी नीति अन्तरगत संघ र प्रदेश कानुनको अधिनमा रही विगतमा संस्था चलाउन तथा विकास निर्माण गर्न पर्ती, ऐलानी र संस्थाको नाममा रहेको जग्गा

भोगचलन अनुसार अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्ने, व्यक्तिको जग्गा प्राप्तीलाई अत्यावश्यक निश्चित आधार मापदण्ड निर्माण गरी जग्गा प्राप्ती ऐन बमोजिम जग्गा प्राप्त गर्ने र एकीकृत वस्ति विकासको विशेष नीति र कार्यक्रम बनाउने नीति लिएको छ।

१६. त्यसैगरी जेष्ठ मसान्त भित्र आर्थिक वर्षको सम्पूर्ण कारोबारहरु सम्पन्न गरिसक्नुपर्ने नीति आर्थिक वर्ष २०७५।७६ को वार्षिक नीति तथा कार्यक्रमले तय गरेको छ।

श्रीमान् सभाध्यक्ष महोदय,

## १.२ चालु आर्थिक वर्षको नीति तथा कार्यक्रमको समिक्षा

**अब म आगामी आर्थिक वर्ष २०७५।७६ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्नु अगाडि चालु आर्थिक वर्षमा यस गाउँपालिकाले तय गरेका बजेट तथा कार्यक्रम तथा उक्त बजेटको कार्यन्वयनको समिक्षा गर्ने अनुमति चाहन्छु ।**

**चालु आर्थिक वर्षमा** आयतर्फ नेपाल सरकार अर्थमन्त्रालयबाट प्राप्त वित्तीय समानीकरण अनुदान अन्तर्गत रु. **१७ करोड ७१ लाख ४८ हजार**, सशर्त अनुदान तर्फ रु. **८ करोड ९३ लाख ५४ हजार**, आ.व. ०७४।७५ को **आन्तरीक** राजस्व आय प्रक्षेपण रु. **३० लाख २ हजार ८ सय ८६**, अघिल्लो आ.ब.को नगद मौज्दात रु. **४८ लाख ५८ हजार ७ सय ८९** गरी आ.ब. ०७४।७५ को कुल बजेट रु. **२७ करोड ४३ लाख ६३ हजार ६ सय ७५** रुपैयाँ रहेको **थियो । आर्थिक वर्षको तश्रो चौमासिकमा यस गाउँपालिकाले दरबन्दी बमोजिम सबै कर्मचारीको पदपूर्ती नभएकोले दोश्रो गाउँसभाबाट बजेट परिमार्जित गरी चालु खर्च तर्फ रहेको रकम रु. १ करोड २७ लाख ५० हजार रकम पुजिंगत शिर्षकमा रमान्तरण गरिएको थियो । त्यसैगरी यस गाउँपालिकामा स्थानीय शासन सामुदायिक विकास** (LGCDP) **कार्यक्रमबाट सूचना प्रविधि अधिकृत व्यवस्थापन र सूचना प्रविधिका सामान खरिद गर्न रु. १० लाख ६० हजार प्राप्त भएको, प्रदेश सरकारबाट समेत १४ लाख र सगरमाथा माध्यामिक विद्यालयको फर्निचर व्यवस्थापनका लागि भनि ५ लाख गरी १९ लाख रकम विनियोजन गरेको थियो । हाल ती सबै योजना सम्पन्न भइसकेको अवस्था छ । त्यसैगरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले समेत स्वास्थ्य क्षेत्रमा तलब व्यवस्थापनका लागि १५ लाख र शिक्षा क्षेत्रको तलब लगायत अन्य कार्यक्रमका लागि रु. ३५ लाख रकम थप विनियोजन गरेको थियो । यसरी पछिल्लो अवधिमा मन्त्रालय र प्रदेशले प्रदान गरेको सम्पूर्ण रकम सहित चालु आर्थिक वर्षका लागि जम्मा रु. २८ करोड २३ लाख २३ हजार ६ सय ७५ कायम भएको छ।**

त्यसैगरी खर्च तर्फ चालु तर्फ रु. **४ करोड ७२ लाख ३४ हजार कायम भएकोमा दोश्रो गाउँसभाबाट रकम पुँजिगत तर्फ सारेपछि रु. ३ करोड ४४ लाख ८४ हजार रकम कायम भएको थियो । जसमध्य पनि पदाधिकारी सेवा सुविधा उपलब्ध गराउने हेतुले आवश्यकता अनुसार चालुभित्रै रकमान्तरणको व्यवस्था गरिएको थियो ।**

**त्यसैगरी** पुजिंगत **खर्च**तर्फ **१३ करोड ७७ लाख ७५ हजार ६ सय ७५ कायम भएकोमा प्रदेश सरकारबाट प्राप्त भएको रु. १९ लाख र चालु तर्फबाट रकमान्तरण गरेको रकम मध्यबाट १ करोड २७ लाख ५० हजार सहित जम्मा रु. १५ करोड २४ लाख २५ हजार ६ सय ७५ पुँजिगत कार्यक्रमका लागि विनियोजीत भई खर्च भएको अवस्था छ । त्यसैगरी** सशर्त तर्फ रु. **८ करोड ९३ लाख ५४ हजार थप सशर्त रकम रु. ५०**

**लाख र प्रदेश सरकारबाट प्राप्त अनुदान गरी** जम्मा खर्च समेत रु. रु. **२८ करोड १२ लाख ६३ हजार ६ सय ७५** रहेको **थियो। यस प्रकार चालु आर्थिक वर्षमा शशर्त र चालु अनुदान बाहेक यस गाउँपालिकाले पुँजिगत क्रियाकलापमात्र पनि १५ करोड ३० लाख २५ हजार ६ सय ७५ बराबर योजना तथा कार्यक्रम बनाई कार्यान्वियन गरेको अवस्था रहेको छ। चालु आर्थिक वर्षको अन्त्य सम्ममा अर्थात २०७५ असार २५ सम्ममा पुँजीगत कार्यक्रम मध्य ९० प्रतिशत भन्दा बढि अर्थात लगभग १४ करोड ५० लाख को पुजिँगत कार्यक्रम तथा योजनाहरु सम्पन्न भइ आर्थिक कारोबार बन्द भैसकेको अवस्था छ।**

## बजेट तथा कार्यक्रम

**सभाध्यक्ष महोदय**

अ**ब** म आ.व. ०७५/७६ मा संचालन गरिने प्रमुख कार्यक्रमहरू र विनियोजित बजेट विवरण प्रस्तुत गर्न अनुमती चाहन्छु ।

**आगामी** आ व मा आयतर्फ नेपाल सरकार अर्थमन्त्रालयबाट प्राप्त वित्तीय समानीकरण अनुदान अन्तर्गत रु. ८ **करोड १७ लाख, राजश्व बाँडफाँड अनुदान ५ करोड ९७ लाख ९ हजार ,** सशर्त अनुदान तर्फ १० **करोड ७९ लाख गरी केन्द्रीय अनुदान सम्मा रु. २५ करोड ५६ लाख ३३ हजार आउने भएको, प्रदेश सरकार आर्थिक मामिला मन्त्रालयबाट वित्तिय समानिकरण तर्फ अनुदान ३३ लाख २६ हजार, सवारी साधन कर अनुदान २९ लाख ९८ हजार गरी जम्मा रु. ६३ लाख २४ हजार विनियोजन भएको,** आ.व. ०७५।७६ को **आन्तरीक** राजस्व आय रु. ५१ **लाख ८६ हजार गरी आ.ब. ०७५।७६ को कुल बजेट रु. २६ करोड ८ लाख १९ हजार** रुपैयाँ रहेको छ ।

त्यसैगरी खर्च तर्फ चालु तर्फ रु. **३ करोड ७२ लाख, आन्तरीक स्रोत खर्च तर्फ ५१ लाख ८६ हजार** पुजिँगत तर्फ **११ करोड ०५ लाख ३३ हजार** र सशर्त तर्फ रु. १० **करोड ७९ लाख** गरी जम्मा खर्च समेत रु. रु. **२६ करोड ८ लाख १९ हजार** रुपैयाँ रहेको छ ।

नेपाल सरकारद्वारा अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तर्गत विभिन्न विषयगत कार्यालय कृषि, पशु, शिक्षा र स्वास्थ्यतर्फ माथिबाट नै तय भइ आएको **शसर्त अनुदान** रु. १० **करोड ७९ लाख** जस्ताको तस्तै सम्बन्धित क्षेत्रमै खर्च गर्नुपर्ने भएकाले सो तर्फ कुनै आयोजना/कार्यक्रम बनाइरहनु परेन ।

नेपाल सरकार **र प्रदेश सरकार**द्वारा प्राप्त भएको वित्तीय समानीकरण र **सवारी करबाट प्राप्त अनुदान, यस** गाउँपालिकाको **आन्तरीक** राजस्व आय गरी कुल हुन आउने रु **१५ करोड २९ लाख १९ हजार**को मात्र कार्यक्रम बनाउनु पर्ने भएको **हुँदा** यस गाउँपालिकाको **लागि** चालु तर्फ जम्मा रु. ३ **करोड ७२ लाख रहेको छ, जुन प्राप्त वितिय समानीकरण, राजश्व अनुदान र सवारी कर अनुदानको २५ प्रतिशत हुन आउँछ। आन्तरीक स्रोतबाट संकलन हुने रकमको ५१ लाख ८६ हजारको कार्यक्रम** छुट्ट्याइएको छ भने पुजिगत

तर्फ (बिकास, आयोजना, कार्यक्रम) रु. **११ करोड ०५ लाख ३३ हजार** गरी करिब ७५ **%** छुट्ट्याइएको छ।

यसरी पुजिगत तर्फ छुट्याइएको रु. **११ करोड ०५ लाख ३३ हजार** मध्ये विषयगत सिलङ र वडागत सिलिङको आधारमा **नौ** वटा वडा समितिको कार्यालयबाट बस्तीस्तर हुँदै सहभागितामुलक तवरले ल्याइएका कुल आयोजना र कार्यक्रम अन्तर्गत रु. ३ करोड **५० लाख ५० हजार**का विभिन्न विषयक्षेत्रमा विभिन्न आयोजना एवम् कार्यक्रमको लागि बजेट विनियोजन गरिएको छ । भने वडा समितिको कार्यालयद्वारा सिफारीस भइ आएका एवम् गाउँ कार्यपालिका र विभिन्न समितिहरुले आवश्यकता पहिचान गरेका भवन निर्माण, ठुला सडक आयोजना लगायतका विभिन्न आयोजना कार्यक्रमहरुमा **७ करोड ५४ लाख ८३ हजार** रुपैया विनियोजन गरिएको छ।

**विषयगत कार्यालयहरु सन्चालनार्थ आएको सशर्त अनुदानको जम्मा रु. १० करोड ७९ लाख पनि चालु अन्तरगत नै पर्ने भएकाले यस गाउँपालिकाको निशर्त अनुदानतर्फबाट छुट्याएको चालु तर्फको ३ करोड ७२ लाख सहित सशर्त र निशर्त सहितको कूल चालु रकम रु. १४ करोड ५१ लाख हुनेछ।**

**विषयक्षेत्रगत बजेट**

पुजिगत (बिकास, आयोजना, कार्यक्रम) अन्तर्गत छुट्याइएको रु. **११ करोड ०५ लाख ३३ हजार हतुवागढी** गाउँपालिकाको समस्टिगत विषय क्षेत्रको आधारमा निम्नानुसार रकम विनियोजन गरिएको छ ।

**गाउँपालिकास्तरीय तथा वडास्तरीय योजना तथा कार्यक्रम**

**आर्थिक क्षेत्र**

- आर्थिक क्षेत्र अन्तर्गत कृषि सम्बन्धी फरक- फरक कार्यक्रममा गरी जम्मा रु. ६**४ लाख ९८ हजार** रकम विनियोजन गरिएको छ ।
- त्यसैगरी उद्योग तथा वाणिज्य सम्बन्धी क्षेत्रमा रु. **७ लाख ५० हजार** रुपैयाँ विनियोजन गरिएको छ।
- त्यसैगरी पर्यटन क्षेत्रमा रु. ५५ लाख विनियोजन गरिएको छ।
- **सहकारी क्षेत्रमा** लागि रु. ५ **लाख** विनियोजन गरिएको छ ।
- **वितीय क्षेत्रको प्रवर्द्धनका लागि ४१ लाख ५० हजार विनियोजन गरिएको छ।**

**यस प्रकार आगामी आर्थिक वर्षका लागि आर्थिक विकासका कार्यक्रमहरुका लागि गाउँपालिका तथा वडास्तरीय कार्यक्रमहरुबाट जम्मा रु. १ करोड ७३ लाख ९८ हजार विनियोजन भएको छ।**

सामाजिक विकास

- सामाजिक विकास क्षेत्र अन्तर्गत शिक्षा क्षेत्रका विभिन्न **पूर्वाधार लगायतका** कार्यक्रमको लागि रु. १ **करोड १६ लाख ६५ हजार** विनियोजन गरिएको छ।
- स्वास्थ्य सम्बन्धी विभिन्न कार्यक्रमको लागि रु. ४० लाख १४ हजार विनियोजन गरिएको छ।
- खानेपानी सम्बन्धी विभिन्न आयोजना र कार्यक्रमको लागि ८५ लाख ७५ हजार विनियोजन गरिएको छ ।
- संस्कृति प्रवर्धन अन्तर्गत रु. २४ लाख **५० हजार** रकम विनियोजन गरिएको छ ।
- खेलकुद तथा मनोरञ्जन अन्तरगत विभिन्न कार्यक्रमको लागि रु. ५७ लाख ५० हजार विनियोजन गरिएको छ ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अन्तर्गत विभिन्न कार्यक्रमको लागि ६० लाख ९० हजार विनियोजन गरिएको छ ।

  **यसरी सामाजिक विकास अन्तरगत जम्मा रु. ३ करोड ८५ लाख ४४ हजार रकम विनियोजन गरिएको छ।**

पुर्वाधार विकास

- पुर्वाधार विकास अन्तर्गत विभिन्न स्थानीय सडकहरुको लागि २ करोड १४ लाख ८० **हजार** विनियोजन गरिएको छ ।
- गाउँ कार्यपालिकाको भवन **तथा सहरी विकास** लागि रु. ३२ **लाख ६० हजार** रुपैयाँ विनियोजन गरिएको छ।
- त्यसैगरी **उर्जा लघु तथा साना जलविद्युत** क्षेत्रको लागि रु.  २८ लाख रुपैयाँ विनियोजन गरिएको छ।

  **यस प्रकार पूर्वाधार विकास अन्तरगत यस गाउँपालिकाले जम्मा रु. २ करोड ७५ लाख ४० हजार विनियोजन गरेको छ।**

वातावरण तथा विपद व्यवस्थापन

- वातावरण तथा विपद व्यवस्थापन अन्तर्गत वन तथा भु- संरक्षण क्षेत्रका लागि रु. १ **लाख** विनियोजन गरिएको छ।
- **जलाधार संरक्षण अन्तरगत जलजन्य पदार्थको अभावलाई कम गर्न ९ लाख रकम विनियोजन गरिएको छ।**
- **वातावरण तथा जलवायु परिवर्तन तर्फ १४ लाख** रकम छुट्याइएको छ।

- **त्यसैगरी फोहरमैला तथा ढल व्यवस्थापनका लागि ९० हजार विनियोजन गरिएको छ।**
- **यस अन्तरगत** प्राकृतिक तथा मानवीय विपद व्यवस्थापनको लागि रु. ६ **लाख ५०** हजार रकम विनियोजन गरिएको छ।

  **यस प्रकार वातावरण तथा विपद व्यवस्थापन तर्फ यस गाउँपालिकाले जम्मा रु. ३१ लाख ४० हजार रकम विनियोजन गरेको छ।**

संस्थागत विकास, सेवा प्रवाह र सुशासन

- संस्थागत विकास, सेवा प्रवाह र सुशासन तर्फ कार्यालय व्यवस्थापन लगायतका सामान्य सेवा तर्फ ५० हजार रुपैयाँ विनियोजन गरिएको छ ।
- कार्यालयहरुको सुरक्षाको लागि **प्रहरी चौकी फर्निचर निर्माण तथा व्यवस्थापन ५० हजार** विनियोजन गरिएको छ।
- **त्यसैगरी कार्यालयहरुलाई सूचना प्रविधिबाट सुविधा सम्पन्न बनाउन ११ लाख २५ हजार विनियोजन गरीएको छ।**
- **प्रत्येक कार्यालयहरुको पञ्जिकरण व्यवस्थापनको लागि २ लाख ८० हजार विनियोजन गरिएको छ।**
- त्यसैगरी **स्थानिय तहको तथ्याकं संकलन र सूचना व्यवस्थापनको लागि १ लाख १० हजार** विनियोजन गरिएको छ ।
- **त्यसैगरी सुशासन प्रवर्द्धनका लागि ९ लाख ३० हजार छुट्टाइएको छ।**
- **त्यसैगरी अनुसन्धान तथा विकास क्षेत्रका लागि ५ लाख रकम विनियोजन गरिएको छ।**
- **अन्तिममा अन्यत्र वर्गिकरण नभएको शिर्षक अन्तरगत रु. २ करोड ८ लाख ६६ हजार रकम विनियोजन गरिएको छ।**

**यस प्रकार संस्थागत विकास, सेवा प्रवाह र सुशासन शिर्षकमा यस गाउँपालिकाले आर्थिक वर्ष २०७५।७६ का लागि रु. २ करोड ३९ लाख ११ हजार रकम विनियोजन गरिएको छ। आर्थिक विकासको क्षेत्र, सामाजिक विकास, पूर्वाधार विकास, वातावरण तथा विपद व्यवस्थापन, सस्थागत सेवा प्रवाह र सुशासन ५ वटै क्षेत्रमा कूल पूँजीगत गाउँपालिकास्तरीय र वडास्तरीय विकास कार्यक्रमहरुको रकम ११ करोड ५ लाख ३३ हजार हुन आउँछ।**

**श्रीमान् सभाध्यक्ष महोदय,**
माननीय सभासदज्यहरु
**राष्ट्रसेवक कर्मचारीहरु**
**पत्रकार मण्डल तथा अन्य**
उपस्थित महानुभावहरु

यसरी आ.ब. २०७५।७५ को नीति तथा कार्यक्रम र बजेटको उत्तरार्धमा पुगिरहँदा बजेट बनाउन सहयोग पुर्याउनुहुने गाउँ सभा, गाउँ कार्यपालिका, वडा समितिका पदाधिकारीज्यूहरु, राजस्व परामर्श

समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति लगायत सम्पुर्ण विषयगत समितिका पदाधिकारी ज्युहरु, वस्तिस्तरीय भेला देखि सहभागी भई आयोजना कार्यक्रम छनौटमा प्रत्यक्ष र परोक्ष रुपले सकृय जनसमुदाय, बजेट निर्माण प्रकृयामा अहोरात्र खटिरहनुभएका कर्मचारीज्युहरु लगायत बजेट निर्माण प्रकृयामा प्रत्यक्ष र परोक्ष रुपले सहभागी हुनुहुने एवम् अमुल्य सहयोग, सद्भाव, सल्लाह दिनुहुने सम्पुर्णप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

धन्यवाद ।

अनुसुचीहरु संलग्न